# समाजवादी पार्टीको
## अन्तरिम विधान- सन् २०१९ (वि. सं. २०७६)

### प्रस्तावना

सार्वभौमसत्ता सम्पन्न हामी नेपाली जनताका प्रतिनिधिहरू नेपाललाई स्वाधीन, समृद्ध, समानुपातिक समावेशी, सहभागितामूलक, सङ्घीय समाजवादी लोकतान्त्रिक गणतन्त्रात्मक राज्य बनाउने ध्येयप्रति प्रतिबद्ध हुँदै,

नेपाल एक सार्वभौमसत्ता सम्पन्न, अविभाज्य, धर्मनिरपेक्ष, वहुभाषिक, बहुधार्मिक बहुसांस्कृतिक, बहुराष्ट्रिय राज्य हो भन्ने मान्यतालाई आत्मसात् गर्दै,

देशभक्ति, स्वतन्त्रता, सहिष्णुता, स्वाभिमान, अग्रगामी, सङ्घर्षशील र श्रमशील नेपाली जनताका आधारभूत चरित्र हुन भन्ने तथ्यलाई स्मरण गर्दै,

महान् जनताको न्याय, समानता, स्वतन्त्रता, पहिचान, सुशासन र समृद्धिको आकाङ्क्षा पूरा गर्न नेपाली जनताबाट नेपाली जनताले नेपाली जनताकै लागि राजनीतिक पार्टी निर्माण गर्न, नेपाल राष्ट्रको गरिमा अभिवृद्धि, नेपाली जनताको सर्वोत्तम हित र समृद्धि नै पार्टीको लक्ष्य हो भन्ने मान्यतालाई आत्मसात् गर्दै,

विभिन्न कालखण्डमा जनताले सञ्चालन गरेका राणा विरोधी आन्दोलन, निरंकुश पञ्चायतविरोधी आन्दोलन, राजतन्त्रको अन्त्य तथा राष्ट्रिय स्वाधीनता, शान्ति र अग्रगमनको पक्षमा भएका शान्तिपूर्ण जनक्रान्ति,

जनयुद्ध, मधेस जनविद्रोह, आदिवासी जनजाति, खस, थारु, महिला, मुस्लिम, शिल्पी/दलित, अल्पसङ्ख्यक लगायत उत्पीडित समुदायले चलाएको सङ्घर्ष र आन्दोलनमा गरेको त्याग, वलिदान र उत्सर्गको उच्च सम्मान गर्दै,

जनताको सार्वभौमिकता, सङ्घीय शासन, बहुलतायुक्त खुला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, वहुदलीय प्रतिस्पर्धा, समानुपातिक समावेशिता, संवैधानिक सर्वोच्चता, कानुनी राज्य, मौलिक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, सहभागितामूलक समावेशी लोकतन्त्र, आत्म निर्णयको अधिकार, जातीय-क्षेत्रीय स्वशासन र स्वायत्तता, लोक कल्याणकारी राज्य र सामाजिक न्यायको सिद्धान्त लगायत समाज र जनता केन्द्रित समाजवादी लोकतान्त्रिक मूल्य मान्यतालाई आत्मसात गर्दै,

नेपाललाई सामन्ती वर्ण व्यवस्था, जातप्रथा, पितृसत्तात्मक संस्कृतिको आधारमा हेर्ने र बुझ्ने जातीय अहङ्कारवादी मनोवृत्ति र दृष्टिकोणविरुद्ध द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दृष्टिकोणको आधारमा समाजलाई बुझ्ने, व्याख्या गर्ने र परिवर्तन गर्ने वैचारिक प्रतिबद्धता व्यक्त गर्ने ध्येयका साथ राष्ट्रिय मुक्ति आन्दोलन, वर्गीय तथा सामाजिक मुक्ति आन्दोलनलाई एकाकार गरी नेपालमा समुन्नत सङ्घीय समाजवाद स्थापना गर्ने संकल्प गर्दै,

नेपाली समाजको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि राष्ट्रिय पुँजीको विकास गर्दै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी, सुरक्षा जस्ता जनताका आधारभूत आवश्यकताहरूको सुनिश्चितताका साथ सङ्घीय समाजवादी गणतन्त्रात्मक व्यवस्था स्थापना गर्ने रणनीतिक लक्ष्य प्राप्तिका लागि सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्व भएको राष्ट्रिय चरित्रको पार्टी निर्माण गर्नु अपरिहार्य ठान्दै,

देशको समृद्धि र विकासका लागि हिमाल, पहाड र तराई/मधेसको विशिष्टतालाई सम्बोधन गर्ने र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यका साथ नेपालमा आदिवासी जनजाति, मधेसी, थारु, शिल्पी/दलित, खस, आर्य, मुस्लिम, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, फरक क्षमता भएका र अल्पसङ्ख्यक समुदाय लगायत सबैखाले उत्पीडनमा परेका नेपालका श्रमजीवी वर्ग र उत्पीडित समुदायको हित, मानवले मानवलाई गर्ने सबै प्रकारका शोषणको अन्त्य, राष्ट्रिय एकता र समतामूलक समृद्धिका पक्षधरहरूको प्रतिनिधित्व हुने नयाँ राजनीतिक शक्तिको आवश्यकता बोध गर्दै त्यस्ता दल, व्यक्ति, व्यक्तित्व, सङ्घ संस्था र आम जनतालाई गोलबन्द गर्ने उद्देश्यले समाजवादी पार्टी नामक पार्टी स्थापना गरी यो विधान जारी गरिएको छ ।

## भाग १

## नाम, परिभाषा र प्रारम्भ

१ **नामः** यो पार्टीको नाम समाजवादी पार्टी हुने छ । अङ्ग्रेजीमा यसलाई Socialist Party भनिने छ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) पार्टी भन्नाले समाजवादी पार्टी सम्झनु पर्छ ।

(ख) विधान भन्नाले समाजवादी पार्टीको विधान- सन् २०१९ (वि.सं. २०७६) सम्झनु पर्छ ।

(ग) अध्यक्ष भन्नाले सङ्घीय तहमा सङ्घीय परिषद्को अध्यक्ष र केन्द्रीय

समितिको अध्यक्ष, प्रदेश तहमा प्रदेश अध्यक्ष तथा स्थानीय तहमा सम्बन्धित तहका अध्यक्ष सम्झनु पर्छ ।

(घ) सदस्य भन्नाले समाजवादी पार्टीको सदस्य सम्झनु पर्छ। पार्टीको कुनै पनि तहको समितिमा आबद्ध सदस्यहरूलाई सङ्गठित सदस्य भनिने छ ।

(ङ) केन्द्रीय कार्यकारिणी समिति भन्नाले समाजवादी पार्टीको केन्द्रीय समितिका पदाधिकारी सम्झनु पर्छ ।

(च) केन्द्रीय समिति भन्नाले समाजवादी पार्टीको केन्दीय समिति सम्झनु पर्छ ।

(छ) अधिवेशन भन्नाले सङ्घीय तहमा महाधिवेशन र प्रदेश र स्थानीय तहमा अधिवेशन भन्ने सम्झनु पर्छ ।

(ज) समानुपातिक समावेशी भन्नाले जातीय र सामुदायिक जनसङ्ख्याको आधारमा प्रतिनिधित्व गरिने मान्यतालाई सम्झनु पर्छ ।

(झ) प्रदेश भन्नाले सङ्घीय एकाईलाई सम्झनु पर्छ । यस शब्दले पहिचानमा आधारित प्रादेशिक संरचनालाई समेत जनाउने छ ।

(ञ) नगरपालिका भन्नाले महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई सम्झनु पर्छ ।

(ट) नियमावली भन्नाले समाजवादी पार्टीको विधान बमोजिम बनेका नियमावलीहरू सम्झनु पर्छ ।

(ठ) तोकिए बमोजिम भन्नाले यस विधान अन्तर्गत बनेको नियमावली र केन्द्रीय समितिले निर्णय गरी परिपत्र वा अन्तर पार्टी निर्देशनमा जारी गरेको विषयलाई सम्झनु पर्छ ।

**३ झण्डा लोगो र चुनाव चिन्हः**

(क) पार्टीको झण्डा : अनुसूची १ बमोजिम हुने छ ।

(ख) पार्टीको छापः अनुसूची २ बमोजिम हुने छ ।

(ग) पार्टीको चुनाव चिन्हः अनुसूची ३ बमोजिम हुने छ ।

(घ) पार्टीको लोगो : अनुसूची ४ बमोजिम हुने छ ।

४ **प्रारम्भः** यो विधान समाजवादी पार्टीको एकता भेलाले पारित गरेपछि तुरुन्त प्रारम्भ हुने छ ।

## भाग २

## पार्टीका उद्देश्यहरू

**५ पार्टीका मुख्य उद्देश्यहरूः**

क) नेपालको राष्ट्रिय स्वाधीनता भौगोलिक अखण्डता र सार्वभौमिकताको रक्षा गर्दै हिमाल, पहाड, तराई/मधेस र बहुराष्ट्रियताबिचको भावनात्मक एकीकरण गरी सबैको स्वामित्व र प्रतिनिधित्वसहितको पहिचानमा आधारित राज्य संरचनालाई संस्थागत गर्ने ।

(ख) पहिचान सहितको सङ्घीयता, सुशासन, समतामूलक समृद्धि र सामाजिक न्याय सहितको प्रगतिशील लोकतान्त्रिक राजनीतिक शक्तिको माध्यमवाट समाजको रूपान्तरण गर्ने ।

(ग) राज्यका सबै अंग, तह र निकायहरूमा राष्ट्रिय/जातीय जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व गर्ने ।

(घ) सहभागितामुलक समावेशी लोकतन्त्र सहितको समुन्नत सङ्घीय समाजवादी, सामाजिक, आर्थिक तथा राजनीतिक प्रणालीको विकास गर्ने र त्यसको माध्यमवाट नेपालको विकास र समृद्धि सुनिश्चित गर्ने,

(ङ) राज्यको शासकीय ढाँचामा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक संसदको मान्यता स्थापित गर्ने ।

(च) आफनो लक्ष्य प्राप्तिका लागि जनपरिचालन र शान्तिपूर्ण राजनीतिक अभियानहरू अगाडि बढाउने ।

## भाग ३

## सदस्यता सम्वन्धि व्यवस्था

६ **सदस्यको योग्यता:** देहायको योग्यता पुगेको कुनै पनि व्यक्ति पार्टीको सदस्य बन्न सक्ने छन् ।

क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।

ख) पार्टीको नीति, सिद्धान्त र विचार पालना गर्ने ।

ग) पार्टीले तोकेको जिम्मेवारी पूरा गर्ने ।

घ) पार्टीले तोकेको सदस्यता शुल्क र लेवी बुझाउने ।

ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

७ **सदस्यता प्राप्त गर्ने प्रकृया:** सदस्यता प्राप्त गर्ने प्रक्रिया निम्नानुसार हुने छन् ।

(क) पार्टी सदस्यता प्राप्त गर्न ईच्छुक तथा तोकिएको योग्यता पुगेका नेपाली नागरिकले यस विधानको अनुसूची ५ मा उल्लेखित सदस्यता आवेदन फारामसहित पार्टीको सम्बन्धित समिति वा कार्यालयमा आवेदन गर्न सक्ने छन् । सदस्यताको सिफारिस स्थानीय तहले गर्ने छ ।

(ख) आवेदनमाथि आवश्यक छलफल गरी प्रदेश समितिले १५ दिनभित्र सदस्यताबारे निर्णय गर्ने छ ।

(ग) सदस्यता आवेदन स्वीकृत भएपछि तोकिएको शुल्क तिरी सदस्यता लिन सकिने छ ।

(घ) सदस्यता बिबरण सुरक्षित राख्ने दायित्व सदस्य र सम्बन्धित समितिको हुने छ ।

(ङ) कुनै सदस्यको कार्यक्षेत्र स्थानान्तरण गर्नुपर्ने भएमा दुवै समितिहरूले सूचना आदानप्रदान गरी निवेदनका आधारमा स्थानान्तरण गर्न सक्ने छन् । यस्तो बिबरण केन्द्रीय अभिलेखमा समेत अध्यावधिक गर्नुपर्ने छ ।

(च) पार्टीको सदस्यताको सम्पूर्ण अभिलेख केन्द्रीय तथा प्रदेशको सङ्गठन विभागमा रहने छ । स्थानीय समितिहरूले पनि आ-आफ्नो कार्यक्षेत्रभित्रका सबै सदस्यहरूको अभिलेख राख्नुपर्ने छ । सदस्यहरूको अभिलेख फाराम अनुसूची ६ बमोजिम हुने छ ।

## ८ सदस्यता शुल्क

(क) पार्टी सदस्यता प्राप्तिका लागि आवेदन शुल्क रु १०/= तथा वार्षिक सदस्यता शुल्क रु १००/= बुझाउनुपर्ने छ ।

(ख) प्रत्येक वर्ष सदस्यता शुल्क तिरी सदस्यता नवीकरण गर्नुपर्ने छ ।

(ग) सदस्यता शुल्कको अतिरिक्त सदस्यहरूले स्वेच्छिक रूपमा लेवी तिर्नुपर्ने छ ।

९ **सदस्यहरूको काम, कर्तव्य र अधिकारः** पार्टी सदस्यहरूको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुने छ ।

(क) पार्टीको नीति, सिद्धान्त र विचारको रक्षा, प्रयोग र विकास गर्नु ।

(ख) पार्टीले सञ्चालन गर्ने अभियान आन्दोलन र समृद्धिका योजनाहरूमा संलग्न हुनु ।

(ग) पार्टीका बैठक, सभा, सम्मेलन, अधिवेशन र महाधिवेशनमा तोकिएको विधि र प्रक्रिया अनुरूप सहभागी हुने, चुन्ने, चुनिने अधिकारको प्रयोग गर्नु, निर्णयको कार्यान्वयन गर्नु ।

(घ) पार्टीको नीति सिद्धान्त योजनाअनुरूप जनहितका सामाजिक कार्यहरूमा सक्रिय हुनु ।

(ङ) पार्टीको सम्पत्तिको रक्षा गर्नु ।

(च) देशको समृद्धि, सामाजिक न्याय र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण, विकास र अग्रगतिका लागि सङ्घीय समाजवादी गणतन्त्र प्राप्तीका लागि पार्टी सदस्यता हुनु ।

१० **सदस्यताको समाप्तीः** देहायका अवस्थामा सदस्यता समाप्त हुने छ ।

(क ) मृत्यु भएमा ।

(ख) पार्टी हित विपरीत काम गरेको अभियोग प्रमाणित भई पार्टीको वैधानिक प्रक्रिया अनुरूप निष्काशनको कारबाहीमा परेमा ।

(ग) सदस्य स्वयंले पार्टी परित्यागको घोषणा गरेमा ।

(घ) पार्टीको जानकारीबिना एक वर्षभन्दा बढी समय सम्पर्क बाहिर रहेमा ।

(ङ) वार्षिक सदस्यता नविकरण नगरेमा ।

## परिच्छेद-४

## पार्टीको स्वरूप र संरचना

**११ पार्टीको स्वरूप र संरचनाः** यो पार्टी सङ्घीय ढाँचाको पार्टी हुनेछ । पार्टी संरचनालाई पहिचानमा आधारित सङ्घीय ढाँचामा बदल्ने यसको उद्देश्य हुने छ । पार्टीको संरचनामा सङ्घ, प्रदेश, स्थानीय तह तथा विशेष संरचनाहरू हुने छ ।

**१२ महाधिवेशनः**

१. सङ्घीय तहको महाधिवेशन पार्टीको सर्वोच्च अङ्ग हुने छ । यसको आयोजना केन्द्रीय समितिद्वारा सामान्यतः ५ वर्षभित्र गरिने छ । तर राष्ट्रिय सङ्कट वा विशेष परिस्थिति उत्पन्न भएमा बढीमा एक वर्षसम्म अघि वा पछि सार्न सकिने छ ।

२. महाधिवेशनमा तोकिएका पार्टी समितिहरूवाट प्रतिनिधित्व हुनेछ । यसको निम्ति प्रतिनिधि सङ्ख्या, प्रतिनिधित्वको अनुपात र तिनको छनोट प्रक्रिया केन्द्रीय समितिले निर्धारण गर्ने छ । सामान्यतः केन्द्रीय समितिका सदस्यहरू पदेन, प्रदेश समिति, पहिचानमा आधारित प्रादेशिक संरचनाहरू, जिल्ला समन्वय समिति र विशेष संरचनाहरूबाट समितिगत प्रतिनिधित्व हुने छ ।

सङ्घीय निर्वाचन क्षेत्रबाट सदस्यताको अनुपातमा प्रतिनिधित्व गराइने छ ।

३. केन्द्रीय समितिबाट कुल महाधिवेशन प्रतिनिधिको ५ प्रतिशतमा नबढ्ने गरी समानुपातिक समावेशीको प्रयोजनार्थ प्रतिनिधि मनोनित गर्न सकिने छ ।

४. महाधिवेशनको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

(क) महाधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संयन्त्रहरू गठन गर्ने,

(ख) सम्पूर्ण सङ्घीय/केन्द्रीय निकायहरूको नीति निर्धारण गर्ने ,

(ग) पार्टी विधानमा आवश्यक संशोधन गर्ने,

(घ) केन्द्रीय समिति तथा सङ्घीय आयोगहरूको तर्फबाट प्रस्तुत प्रतिवेदन र प्रस्तावहरू माथि छलफल गरी पारित गर्ने ।

(ङ) केन्द्रीय समितिको अध्यक्ष र केन्द्रीय समितिका सदस्यहरूको निर्वाचन र सो को अनुमोदन गर्ने । यसरी निर्वाचन गर्दा केन्द्रीय समितिमा सामान्यतः ३३ प्रतिशत महिला हुनुपर्ने छ ।

(च) दुई महाधिवशेनबिचको अवधीमा सङ्घीय परिषद् र केन्द्रीय समितिबाट भए गरेका काम कारबाही महाधिवेशनप्रति उत्तरदायी हुने छन् ।

**१३ सङ्घीय निकायहरू**: सङ्घीय/केन्द्रीय निकायहरू- देहायबमोजिम हुने छन् ।

१. सङ्घीय परिषद्

२. केन्द्रीय समिति

३. केन्द्रीय सल्लाहकार समिति

४. केन्द्रीय विज्ञ परिषद्

५. केन्द्रीय अनुशासन आयोग

६. केन्द्रीय लेखा परीक्षण आयोग

७. केन्द्रीय निर्वाचन आयोग

## १४ सङ्घीय परिषद्

(१) पार्टीको एक सङ्घीय परिषद् रहने छ। यो दुई महाधिवेशनबिचको सर्वोच्च अङ्ग हुने छ।

(२) सङ्घीय परिषद्को अध्यक्षले यसको अध्यक्षता गर्ने छ। परिषद्मा देहाय बमोजिमका निर्वाचित, पदेन तथा मनोनित सदस्यहरू रहने छन्:

१. पार्टी एकीकरणको बेला समायोजन गरिएका सदस्यहरू,

२. सङ्घीय/केन्द्रीय निकायका सदस्यहरू,

३. प्रदेश समितिका अध्यक्षहरू,

४. तोकिएको सदस्य सङ्ख्याको मापदण्ड पुगेका पार्टीका सङ्घीय/केन्द्रीय जनसङ्गठनका संयन्त्रका प्रमुखहरू,

५. सामान्यतः समानुपातिक समावेशी प्रयोजनका लागि निर्वाचित

तथा पदेन सदस्यहरूको कूल सङ्ख्याको ५ प्रतिशतमा नबढ्ने गरी केन्द्रीय समितिबाट मनोनित सदस्यहरू,

६. सङ्घीय परिषद्का अधिकार र कर्तव्यहरू

१. केन्द्रीय समितिले पेस गरेका प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने,

२. केन्द्रीय समितिका कार्यहरूको मूल्याङ्कन गरी केन्द्रीय समितिलाई निर्देशन दिने,

३. समसामयिक विषयहरूमा पार्टी नीति तय गर्ने तथा राजनीतिक प्रस्तावहरू पारित गर्ने ।

४. पार्टी कामको आवधिक समीक्षा र पार्टी सञ्चालनको लागि नीति निर्माण गर्ने ।

५. कुनै कारणले केन्द्रीय समितिको अध्यक्ष पद रिक्त भएको अवस्थामा ६ महिनाभन्दा बढी अवधि बाँकी रहेको छ भने अध्यक्षको निर्वाचन गर्ने,

६. केन्द्रीय समितिद्वारा गरिएको अनुशासनको कारबाही उपर पुनरावलोकन गर्ने,

७. केन्द्रीय समितिको आय-व्ययको आवधिक सुपरीवेक्षण गर्ने,

८. केन्द्रीय निर्वाचन आयोगको काम कारबाहीलाई सुपरीवेक्षण गर्ने,

९. विधानमा तोकिएका अन्य कार्यहरू गर्ने ।

## १५. केन्द्रीय समिति

१. सङ्घीय परिषद्को बैठक नभएको बेला केन्द्रीय समिति सर्वोच्च

कार्यकारी निकाय हुने छ । यो समिति महाधिवेशन र सङ्घीय परिषद्प्रति उत्तरदायी रहने छ ।

२. केन्द्रीय समितिमा देहाय बमोजिम पदाधिकारी र सदस्यहरू हुने छन् ।

(क) सङ्घीय परिषद् अध्यक्ष- १, केन्द्रीय समिति अध्यक्ष- १, वरिष्ठ नेता- १, सहअध्यक्ष- १, उपाध्यक्ष- ८, महासचिव- ३, उपमहासचिव- ३, सचिव- ६, कोषाध्यक्ष- १ सहित २५ जना र पार्टी एकीकरणको बेला समाहित केन्द्रीय सदस्यहरू ।

(ख) सङ्घीय/केन्द्रीय निकायका पदेन सदस्यहरू ।

(ग) केन्द्रीय समितिको निर्वाचन गर्दा नेपालका मुख्य जातीय/सामुदायीक समुहहरू मधेसी, थारु, आदिवासी जनजाति, महिला, शिल्पी/दलित, खस, आर्य, मुस्लिम लगायतका अल्पसङ्ख्यक एवम् सिमान्तकृत तथा लोपोन्मुख समुदायको समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गरिने छ ।

(घ) सामान्यतः समानुपातिक समावेशी प्रतिनिधित्वको प्रयोजनका लागि निर्वाचित तथा पदेन सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी केन्द्रीय समितिबाट मनोनित सदस्यहरू रहने छन् ।

३. सङ्मणकालको अवधिका लागि पार्टी एकता र समायोजनको प्रक्रियालाई ध्यानमा राखी आगामी महाधिवेशनप्रति उत्तरदायी हुने गरी केन्द्रीय समितिले आवश्यक निर्णयहरू लिन सक्ने छ

४. केन्द्रीय समितिका काम कर्तव्य र अधिकार :

(१) आफू मध्येबाट राजनीतिक समितिको निर्वाचन गर्ने तथा कार्यकारिणी समिति गठन गर्ने,

(२) सङ्क्रमणकालका लागि केन्द्रीय सल्लाहकार समिति, सङ्घीय अनुशासन आयोग, सङ्घीय लेखा परीक्षण आयोग तथा सङ्घीय निर्वाचन आयोगका प्रमुख तथा सदस्यहरू चयन गर्ने ।

(३) केन्द्रीय समितिका सदस्यहरूको कार्य विभाजन गर्ने तथा तोकिए बमोजिम केन्द्रीय विभाग, केन्द्रीय संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने ।

(४) महाधिवेशनका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने,

(५) तोकिए बमोजिम पार्टी कोषको सञ्चालन गर्ने,

(६) आफ्नो समितिको नियमित बैठकको आयोजना गर्ने तथा समसामयिक राष्ट्रिय अन्तर्राष्ट्रिय विषयहरूमा आफ्नो दृष्टिकोण स्पष्ट पार्ने,

(७) विधान बमोजिम महाधिवेशन र सङ्घीय परिषद्को बैठक आयोजना गर्ने र त्यसका लागि आवश्यक वैचारिक, राजनीतिक, आर्थिक तथा अन्य आवश्यक दस्तावेजहरू तयार गर्ने,

(८) केन्द्रीय सङ्गठन विभागले छानबिन गरी पेस गरेका कारबाही सिफारिस उपर आवश्यक निर्णय गर्ने,

(९) प्रदेश समितिहरूको कामको समन्वय, निरीक्षण र अनुगमन तथा जनसङ्गठनहरूको कार्यहरूको सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

(१०) पार्टीको सिद्धान्त र विचार मिल्ने दलहरूसँग पार्टी एकता तथा एकीकरणलाई अगाडि बढाउन आवश्यक निर्णय गर्ने, पार्टीका तात्कालिक एजेण्डासँग सहमत पार्टी र शक्तिहरूसँगको संयुक्त मोर्चा र कार्यगत एकतालाई अगाडि बढाउने,

(११) केन्द्रीय समितिले आवश्यकता ठानेमा नेपाली क्रान्तिमा योगदान पुऱ्याएका कुनै पनि केन्द्रीय सदस्यलाई क्रान्ति योद्धाको रूपमा सम्मानित गर्न सक्ने ।

(१२) पार्टीको तर्फबाट अन्तर्राष्ट्रिय सम्बन्ध कायम गर्ने र आवश्यकता अनुसार प्रतिनिधित्व गराउने,

(१३) कुनै पनि कारणले पद रिक्त हुन आएमा अर्को निर्वाचन नभएसम्मका लागि सो पदपूर्ति गर्ने,

(१४) विधानमा तोकिएका अन्य कामहरू गर्ने,

## १६ राजनीतिक समितिः

१. राजनीतिक समिति केन्द्रीय समितिको अङ्गको रूपमा रहनेछ । राजनीतिक समितिमा पार्टीका पदाधिकारीहरू, सङ्घीय निकायका प्रमुखहरू सहित केन्द्रीय समितिको कूल सदस्य सङ्ख्याको एक तिहाईमा नबढ्ने गरी सदस्यहरू रहने छन् ।

२. राजनीतिक समितिको अधिकार र कर्तव्य देहाय बमोजिम हुने छन्:

क) केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा केन्द्रीय समितिप्रति उत्तरदायी हुने गरी राजनीतिक र सङ्गठनात्मक निर्णयहरू गर्ने र मातहतका समितिहरूलाई नेतृत्व प्रदान गर्ने,

ख) केन्द्रीय समितिबाट भएका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

ग) आफूले गरेका निर्णय तथा कार्यहरू अनुमोदनका निम्ति केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने,

घ) केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।

## १७ केन्द्रीय कार्यकारिणी समिति

१. पार्टीको दैनिक काम सञ्चालनका लागि पार्टीमा एक कार्यकारिणी समिति (Executive Committee) रहने छ । यसमा पार्टीका पदाधिकारीहरू रहने छन् ।

२. कार्यकारिणी समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) केन्द्रीय समिति र राजनीतिक समितिको बैठक नबसेको समयमा आवश्यक निर्णयहरू गरी कार्यान्वयन गर्ने, गराउने र मातहतका समितिहरूलाई नेतृत्व प्रदान गर्ने,

(ख) समसामयिक विषयहरूमा पार्टीको धारणा सार्वजनिक गर्ने,

(ग) पार्टीसामू तत्काल आई परेका कामहरू गर्ने,

(घ) पार्टीमा देखा परेका समस्याहरू समाधान गर्ने,

(ङ) केन्द्रीय समिति र राजनीतिक समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

(च) पार्टीको दैनिक कार्य सञ्चालन गर्ने र निर्णयहरू कार्यान्वयनको अनुगमन गर्ने,

(छ) केन्द्रीय स्तरबाट तयार गर्नुपर्ने कार्य योजना वा कार्यक्रमहरूको तर्जुमा गर्ने,

(ज) पार्टीका केन्द्रीय कामहरू, विभागहरू, संयन्त्रहरू तथा कार्यदलहरू निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने,

(झ) केन्द्रीय समितिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने ।

## १८ पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

### १. सङ्घीय परिषद अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) सङ्घीय परिषद्को अध्यक्षको हैसियतमा पार्टी कामको नेतृत्व गर्ने,

(ख) पार्टीको केन्द्रीय सल्लाहकार समिति, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखापरीक्षण आयोग, केन्द्रीय निर्वाचन आयोग तथा केन्द्रीय विज्ञ परिषद् लगायत सबै सङ्घीय/केन्द्रीय निकायहरूको संयोजन गर्ने,

(ग) पार्टीको नीति निर्माणमा भूमिका निर्वाह गर्ने,

(घ) राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध र प्रतिष्ठा बढाउन आवश्यक पहल गर्ने,

(ङ) देशमा पार्टी सदस्यता विभिन्न राजनीतिक दलहरूबिच सहकार्य र ध्रुवीकरणको पहल गर्ने,

(च) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने,

(छ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ज) पार्टीका विभिन्न निकायहरूबिच नियन्त्रण र सन्तुलन कायम गर्ने,

(झ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

## २. केन्द्रीय समिति अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) केन्द्रीय समितिको अध्यक्षको हैसियतमा पार्टी कामको नेतृत्व गर्ने,

(ख) महाधिवेशन, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिको बैठकको अध्यक्षता गर्ने,

(ग) पार्टीका बैठकहरूमा कार्यसूची प्रस्तुत गर्ने, नीति निर्माणमा भूमिका खेल्ने र पार्टी निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(घ) आफूमा निहीत अधिकार सहअध्यक्ष तथा उपाध्यक्षहरूमा प्रत्यायोजन गर्ने,

(ङ) मुख्य प्रवक्ताको रूपमा पार्टीको प्रतिनिधित्व गर्ने तथा आवश्यकता परे पार्टीका पदाधिकारीहरू मध्येबाट प्रवक्ता तोक्ने,

(च) पार्टीको तर्फबाट राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यकता अनुसार प्रतिनिधित्व गर्ने र गर्न लगाउने,

(छ) मातहतका समितिहरूलाई परिचालन तथा आवश्यक निर्देशन दिने,

(ज) केन्द्रीय निकायहरू र केन्द्रीय स्तरबाट सम्पन्न हुने कामहरूको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(झ) महाधिवेशन, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिका निर्णयहरू प्रमाणित गर्ने,

(ञ) केन्द्रीय समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने ।

(ट) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

## ३. वरिष्ठ नेताको काम, कर्तव्य र अधिकार

(क) पार्टीको तर्फबाट तोकिएका केन्द्रीय विभाग तथा संयन्त्रका कामहरूको समन्वय र अनुगमन गर्ने,

(ख) पार्टी एकतालाई मजबुत बनाउन पार्टीभित्रका समस्याहरू समाधान गर्न पहल गर्ने,

(ग) पार्टीले दिएका जिम्मेवारी पुरा गर्ने,

(घ) पार्टीका नीति निर्णयहरू कार्यान्वयनको समन्वय, निरीक्षण र अनुगमन गर्ने,

(ङ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

## ४. सहअध्यक्षको काम, कर्तव्य र अधिकार

(क) पार्टीको दैनिक कार्य सञ्चालनमा अध्यक्षलाई सहयोग गर्ने र अध्यक्षको अनुपस्थितिमा अध्यक्षको अधिकार र कर्तव्यहरूको प्रयोग र पालना गर्ने,

(ख) पार्टीको तर्फबाट तोकिएका केन्द्रीय विभाग तथा संयन्त्रका कामहरूको समन्वय र अनुगमन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले दिएको जिम्मेवारी पुरा गर्ने, ।

(घ) विधान अन्तर्गतका आवश्यक अन्य कार्यहरू गर्ने ।

## ५. उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार

(क) अध्यक्ष र सहअध्यक्षको काममा सहयोग गर्ने,

(ख) अध्यक्ष र सहअध्यक्षको अनुपस्थितिमा अध्यक्ष र सहअध्यक्षको अधिकार र कर्तव्यहरू प्रयोग र पालना गर्ने,

(ग) विभिन्न प्रदेशका कामहरूको समन्वय र अनुगमन गर्ने,

(घ) पार्टीका केन्द्रीय विभाग तथा संयन्त्रका कामहरूको जिम्मेवारी बहन गर्ने,

(ङ) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने ।

## ६. महासचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको परामर्शमा महाधिवेशन, सङ्घीय परिषद्, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिको बैठक बोलाउने,

(ख) महाधिवेशन, सङ्घीय परिषद्, केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिको बैठक सञ्चालन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यालय व्यवस्थापन, पार्टी सङ्गठन तथा जनसङ्गठनको समन्वय गर्ने काममा प्रमुख भुमिका निर्वाह गर्ने,

(ङ) केन्द्रीय कार्यालय सञ्चालनका लागि तोकिएका उपमहासचिव, सचिव, कोषाध्यक्ष, प्रचार विभाग प्रमुख लगायत आवश्यक

सदस्यहरूको कार्यालय व्यवस्थापन समिति गठन गर्ने,

(च) पार्टीका सबै किसिमका अभिलेखहरू राख्ने र राख्न लगाउने,

(छ) पार्टी सङ्गठन र जनसङ्गठनका कामलाई चुस्त दुरुस्त, प्रभावकारी, गतिशील, अनुशासित र व्यवस्थित गर्न आवधिक रूपमा सङ्गठनात्मक कार्य योजना प्रस्तुत गर्ने ।

(ज) माथिल्ला समितिहरूका आवश्यक निर्णय र निर्देशनहरूलाई तलका समितिहरूमा प्रवाहित गर्ने र तलका समितिका रिपोर्ट प्राप्त गरी व्यवस्थित बनाउने,

(झ) आफूमा निहीत अधिकार उपमहासचिव तथा सचिवहरूमा प्रत्यायोजन गर्ने,

(ञ) केन्द्रीय समितिले तोकेको अन्य कार्यहरू गर्ने,

## ७. उपमहासचिवको काम, कर्तव्य र अधिकार

(क) पार्टीको महासचिवलाई सहयोग गर्ने र महासचिवको अनुपस्थितिमा महासचिवको अधिकार र कर्तव्यहरूको प्रयोग र पालन गर्ने,

(ख) कार्यालय व्यवस्थापन, पार्टी सङ्गठन, जनसङ्गठन र केन्द्रीय विभागको जिम्मेवारी बहन गर्ने,

(ग) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने,

## ८. सचिवको काम, कर्तव्य र अधिकार

(क) महासचिव र उपमहासचिवहरूको काममा सहयोग गर्ने,

(ख) केन्द्रीय कार्यालय, पार्टी सङ्गठन, जनसङ्गठन तथा केन्द्रीय विभागका कामहरूको जिम्मेवारी बहन गर्ने,

(ख) केन्द्रीय समितिले दिएको जिम्मेवारी बहन गर्ने,

(घ) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने,

## ९. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) केन्द्रीय कोषको संरक्षण र सम्बर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने,

(ख) केन्द्रीय कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने र त्यसलाई केन्द्रीय समितिबाट पारित गराई लागु गर्ने,

(ग) पार्टी कोषको सञ्चालन गर्ने,

(घ) आय स्रोतहरूको सङ्कलन, परिचालन विस्तारका साथै केन्द्रीय समितिले तोके बमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने,

(ङ) नियमानुसार लेखा परीक्षण गराउने,

(च) केन्द्रीय समिति, राजनीतिक समिति र कार्यकारिणी समितिले तोकेका अन्य कामहरू गर्ने ।

## १९ केन्द्रीय सल्लाहकार समितिः

१. केन्द्रीय सल्लाहकार समिति केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ । यस समितिको प्रमुख राजनीतिक समिति र सचिव केन्द्रीय

समितिको पदेन सदस्य हुने छन् । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुने छ ।

२. केन्द्रीय सल्लाहकार समितिको सदस्य सङ्ख्या केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

३. केन्द्रीय सल्लाहकार समितिका अधिकार र कर्तव्य :

(क) आफू मध्येबाट एक जना सचिव चयन गर्ने,

(ख) पार्टीको नीति निर्माण कार्यान्वयन र सङ्गठनात्मक आवश्यकता लगायत पार्टीको हितमा केन्द्रीय समितिलाई आवश्यक सबै प्रकारको सल्लाह र सुझाव लिखित रूपमा प्रस्तुत गर्ने,

(ग) पार्टी भित्रको विवाद मिलाउन पहल गर्ने तथा एकता र सुमधुरतालाई कायम गर्न सक्रिय भूमिका खेल्ने,

(घ) केन्द्रीय समिति र प्रदेश समितिहरूबिच उत्पन्न विवादहरूमा मध्यस्थता गर्ने,

(ङ) आफ्नो सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने,

## २०. केन्द्रीय विज्ञ परिषद

१. केन्द्रीय विज्ञ परिषद् केन्द्रीय समितिप्रति उत्तरदायी रहनेछ । यस परिषद्को प्रमुख राजनीतिक समिति र सचिव केन्द्रीय समितिको पदेन सदस्य हुने छन् । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुने छ ।

२. केन्द्रीय विज्ञ परिषद्को सदस्य सङ्ख्या केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

३. केन्द्रीय विज्ञ परिषद्को अधिकार र कर्तव्य :

(क) आफू मध्येबाट एक जना सचिव चयन गर्ने,

(ख) पार्टीको नीति निर्माणका लागि आवश्यक सुझाव दिने र सहयोग गर्ने,

(ग) पार्टी निकट रहेका विषयविद् तथा विज्ञहरूलाई अनुसन्धानात्मक कामहरूमा परिचालन गर्ने,

(घ) नेपालको दीर्घकालीन विकासका लागि योजनाहरू बनाउने,

(ङ) पार्टीको राजकीय मामलासँग सम्बन्धित विभागहरूलाई नीति बनाउन सघाउने,

(च) राज्यका विभिन्न अङ्गहरूमा प्रतिनिधित्व गर्ने पार्टी निकटका जनप्रतिनिधिहरूलाई प्रशिक्षण दिने,

(छ) देशको विकास, समृद्धि र सुशासन सम्बन्धी अनुसन्धानमूलक संस्थाहरूसँग अनुभव आदानप्रदान गर्ने,

(ज) आफ्नो सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने,

## २१ केन्द्रीय अनुशासन आयोगः

१. केन्द्रीय अनुशासन आयोग महाधिवेशनप्रति उत्तरदायी रहने छ । यसको मुख्य काम केन्द्रीय समितिले गरेका अनुशासनको कारवाही तथा प्रादेशिक अनुशासन आयोगको निर्णयउपर पुनरावेदन हेरी निर्णय गर्नु हुने छ ।

२. यस समितिको प्रमुख राजनीतिक समिति र सचिव केन्द्रीय समितिको पदेन सदस्य हुने छन् । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुने छ ।

३. यस आयोगको सदस्य सङ्ख्या महाधिवेशनले तोके अनुसार हुने छ ।

४. केन्द्रीय अनुशासन आयोगको अधिकार र कर्तव्य :

(क) आफू मध्येबाट एक जना सचिव चयन गर्ने,

(ख) प्रमुखको परामर्शमा सचिवले बैठक बोलाउने र सञ्चालन गर्ने,

(ग) विधानविपरीत भए गरिएका सबै कार्यहरूको अनुशासनात्मक कारबाही गर्ने ।

(घ) केन्द्रीय समितिले गरेका अनुशासनात्मक कारबाही तथा प्रादेशिक अनुशासन आयोगको निर्णयउपर पुनरावेदन सुन्ने र त्यसबारे तथ्य प्रमाणको आधारमा निर्णय गरी सो को जानकारी सम्बन्धित व्यक्ति र समितिलाई दिने ।

(ङ) पार्टी अनुशासन सम्बन्धी विषयहरूमा नियमित अनुगमन गर्ने ।

(च) नैतिक आचरणका बारेमा उठेका प्रश्नहरूको छानबिन गर्ने,

(छ) पार्टी पदाधिकारीहरू र केन्द्रीय समितिका सदस्यहरूको सम्पत्तिको विवरणको निजी फाइल राखी नियमित रूपमा प्राप्त सामग्रीको आधारमा अद्यावधिक गर्ने, प्रत्येक वर्ष उक्त फाइलको जानकारी केन्द्रीय समितिलाई गराउने तथा विभिन्न सार्वजनिक पदमा निर्वाचित र नियुक्त भएकाहरूको सम्बन्धमा नियुक्ति हुँदा र अवकास पाउँदाको अवस्थामा सम्पत्तिको विवरण लिने र जाँच गर्ने,

(ज) आफ्ना समितिका सदस्यहरू माथि अनुशासनको कारबाही गर्ने तथा सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,

(झ) आफ्ना काम कारबाहीको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने ।

## २२ केन्द्रीय लेखापरीक्षण आयोग :

१. केन्द्रीय लेखापरीक्षण आयोग केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ । यस आयोगको प्रमुख राजनीतिक समिति र सचिव केन्द्रीय समितिको पदेन सदस्य हुने छन् । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुने छ ।

२. केन्द्रीय लेखापरीक्षण आयोगको सदस्य सङ्ख्या केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

३. यस आयोगको अधिकार र कर्तव्य देहाय बमोजिमहुने छन् :

(क) आफू मध्येबाट एक जना सचिव चयन गर्ने,

(ख) संयोजकको परामर्शमा सचिवले बैठक बोलाउने र सञ्चालन गर्ने ।

(ग) केन्द्रीय समितिको आय-व्ययको नियमित अनुगमन र वार्षिक लेखापरीक्षण गर्ने तथा यसका निम्ति चाहिने नियम र कार्यविधि बनाउने ।

(घ) लेखा तथा आर्थिक व्यवस्थापनको पक्षमा विभिन्न तहमा प्रशिक्षणको आयोजना गर्ने,

(ङ) लेखापरीक्षणका निम्ति आवश्यक सबै कागज पत्र हेर्ने,

जानकारी प्राप्त गर्ने र लेखा परीक्षण सम्बन्धी कार्य सम्पादन गर्ने,

(च) आफ्ना सदस्य उपर सांगठनिक विभागीय कारबाही गर्ने तथा राजिनामा स्वीकृत गर्ने,

(छ) आफ्नो सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने

## २३ केन्द्रीय निर्वाचन आयोगः

१. केन्द्रीय निर्वाचन आयोग केन्द्रीय समितिप्रति उत्तरदायी रहने छ । यस आयोगको प्रमुख राजनीतिक समिति र सचिव केन्द्रीय समितिको पदेन सदस्य हुने छन् । यसका सदस्यहरूको मर्यादा केन्द्रीय समिति सदस्य सरह हुने छ ।

२. केन्द्रीय निर्वाचन आयोगको सदस्य सङ्ख्या केन्द्रीय समितिले तोके बमोजिम हुने छ ।

३. यस आयोगको अधिकार र कर्तव्य देहाय बमोजिम हुने छन् :

क. आफू मध्येबाट एक जना सचिव चयन गर्ने,

ख. प्रमुखको परामर्शमा सचिवले बैठक बोलाउने र सञ्चालन गर्ने,

ग. पार्टीको आन्तरिक निर्वाचन कार्यलाई पूर्ण लोकतान्त्रिक, स्वच्छ र निष्पक्ष ढङ्गले सम्पादन गर्ने

घ. पार्टीको निर्वाचन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गर्ने,

ङ. केन्द्रीय समिति केन्द्रीय निकायको पदाधिकारी एवम् सदस्यहरू

तथा सङ्घीय परिषद्का सदस्यहरूको निर्वाचन कार्य सम्पादन गर्ने,

च. प्रदेश र स्थानीय समितिका पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन गर्ने गराउने काममा सहयोग गर्ने,

छ. जनसङ्गठनको निर्वाचनको अनुगमन गर्ने,

ज. आफ्नो समितिका सदस्यमाथि सांगठनिक विभागीय कारबाही तथा राजीनामा स्वीकृत गर्ने,

झ. आफ्ना सम्पूर्ण कामको प्रतिवेदन महाधिवेशनमा प्रस्तुत गर्ने,

## परिच्छेद-५

## प्रदेश समिति र प्रादेशिक निकायहरू

**२४ पार्टीका प्रादेशिक निकायहरू :** पार्टीका प्रादेशिक निकायहरू देहाय बमोजिम रहने छन् ।

१. प्रदेश अधिवेशन

२. प्रदेश परिषद्

३. प्रदेश समिति

४. पहिचानमा आधारित प्रादेशिक संरचनाहरू

५. प्रदेश सल्लाहकार समिति

६. प्रदेश विज्ञ परिषद्

७. प्रादेशिक आयोगहरू

## २५ प्रदेश अधिवेशनः

१. प्रदेश अधिवेशन प्रदेशको सर्वोच्च निकाय हुने छ। यसको आयोजना प्रदेश समितिद्वारा सामान्यतः ४/४ वर्षमा गरिने छ । प्रदेश अधिवेशनका निम्ति प्रतिनिधि चयन, त्यसको अनुपात, निर्वाचन प्रक्रिया प्रदेश समितिले निश्चित गर्ने छ । प्रदेश अधिवेशनमा सम्बन्धित प्रदेशभित्रका पहिचानमा आधारित राष्ट्रिय समिति, जिल्ला समन्वय समिति, स्वायत, संरक्षित र विशेष क्षेत्र समिति तथा निर्वाचन क्षेत्र समन्वय समिति र प्रदेशका जनसङ्गठनहरूको प्रतिनिधि रहने छन् । कुल निर्वाचित प्रतिनिधिको १० प्रतिशतमा नबढाई प्रदेश समितिले प्रदेश अधिवेशनका प्रतिनिधित्व हुन नसकेका समुदाय महिला, शिल्पी/दलित अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायका प्रतिनिधिहरूको मनोनयन गर्न सक्ने छ।

२. प्रदेश अधिवेशनका काम, कर्तव्य र अधिकार देहाय अनुसार हुने छ :

प्रदेशले आफनो क्षेत्राधिकारभित्र यसै विधानमा उल्लेख भएको महाधिवेशनले गर्ने भनी उल्लेख भएका सम्पूर्ण काम गर्ने ।

## २६. प्रदेश परिषद :

प्रदेश परिषद तोकिए बमोजिम गठन गरिने छ।

## २७ प्रदेश समितिः

१. प्रदेश समिति दुई प्रदेश अधिवेशनबिचको प्रमुख कार्यकारी निकाय हुने छ। केन्द्रीय समिति र प्रदेश समितिको सम्बन्ध सहयोगात्मक र समन्वयात्मक हुने छ । केन्द्रीय समितिको क्षेत्राधिकारभित्रका कामहरूमा गरिएको निर्देशन पालना गर्नु प्रदेश समितिको कर्तब्य

हुने छ । यो समिति, प्रदेश अधिवेशनप्रति उत्तरदायी रहने छ ।

२. प्रदेश समितिमा अध्यक्ष-१, उपाध्यक्ष-५, मुख्य सचिव-१, सचिव-३, कोषाध्यक्ष-१ समेत निर्वाचित, मनोनित र पदेन सदस्य गरी ९९ जनासम्म हुने छ। पहिचानमा आधारित राष्ट्रिय समितिका अध्यक्ष प्रदेश समितिको पदेन सदस्य हुने छ । समावेशी प्रतिनिधित्वको प्रयोजनका लागि अधिवेशनबाट निर्वाचित कुल सदस्य सङ्ख्याको १० प्रतिशतभन्दा बढी नहुने गरी प्रदेश समितिले मनोनित गर्न सक्ने छ ।

३. प्रदेश समितिका काम, कर्तव्य र अधिकार :

(१) समितिका पदाधिकारीहरूको कार्यकारिणी समिति गठन गर्ने ।

(२) प्रदेश सल्लाहकार समिति, प्रदेश अनुशासन आयोग, प्रदेश लेखा परीक्षण आयोग, प्रदेश विज्ञ परिषद् तथा प्रदेश निर्वाचन आयोगका प्रमुख तथा सदस्यहरू चयन गर्ने छ ।

(३) आवश्यकतानुसार तोकिए बमोजिम प्रादेशिक विभाग र संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने र तिनीहरूको अधिकार तथा कर्तव्य तोक्ने ।

(४) आवश्यकता अनुसार प्रादेशिक तहमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(५) प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने,

(६) महाधिवेशन र प्रदेश अधिवेशनका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने,

(७) आफ्नो समितिको नियमित बैठकका साथै विधान बमोजिम प्रदेश अधिवेशन आयोजना गर्ने,

(८) तोकिएको प्रक्रिया तथा मापदण्ड बमोजिम पार्टी सदस्यता प्रदान गर्ने तथा केन्द्रमा अभिलेख पठाउने,

(९) प्रदेश अधिवेशन तथा बैठकका लागि आवश्यक दस्तावेजहरू तयार गर्ने,

(१०)प्रादेशिक मुखपत्र लगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने,

(११)तोकिए बमोजिम पार्टी कोषको सञ्चालन गर्ने,

(१२)जनसङ्गठनहरूको प्रादेशिक संयन्त्रहरू गठन गर्ने र तिनीहरूको कामको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने,

(१३)प्रदेश सरकार, संसद तथा स्थानीय तह सञ्चालन सम्बन्धी नीति निर्माण र परिचालन गर्ने,

(१४)मातहतका समिति तथा विभागहरूको कामको समन्वय, अनुगमन र निरिक्षण गर्ने

(१५)पार्टी एकता र हितमा खलल पर्ने मातहत समितिका निर्णयहरूको पुनरावलोकन गर्ने र आफ्नो जिम्मेवारी पुरा नगर्ने समितिलाई आवश्यक कारबाही गर्ने/गराउने,

(१६)मातहत समितिलाई विधान बमोजिम आर्थिक दायित्व र लेवी तोक्ने तथा तोकिए बमोजिमको हिस्सा केन्द्रमा पठाउने,

(१७)प्रदेश समिति र प्रादेशिक निकायका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,

(१८)राजिनामा गरी वा निधन भई वा अनुशासनको कारबाहीमा परी प्रदेश समितिका कुनै सदस्यको पद रिक्त हुन आएमा अर्को निर्वाचन नभए सम्मका लागि सो पदपूर्ति गर्ने,

(१९)पार्टी हित विपरीत कार्य गर्ने तथा पार्टी विधानको उल्लङ्घन गर्ने प्रदेश समिति तथा प्रादेशिक निकायका पदाधिकारी र सदस्यहरूमाथि कारवाही गर्ने,

(२०)प्रदेशभित्रका प्रशासनिक कामहरूको समन्वय गर्ने,

(२१)विधानमा तोकिएका अन्य कामहरू गर्ने,

## २८ प्रादेशिक कार्यकारिणी समिति तथा पदाधिकारीहरूको काम कर्तव्य र अधिकारः

प्रदेश समितिको कार्यकारिणी समिति र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार आ-आफ्नो प्रदेशको क्षेत्राधिकारभित्र रही केन्द्रीय समितिको कार्यकारिणी समिति र पदाधिकारीहरूका हकमा तोकिए अनुरूप हुने छ। साथै केन्द्रीय समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले प्रयोग गर्ने काम, कर्तव्य र अधिकार आफ्नो कार्य क्षेत्रभित्र प्रदेश समितिका अध्यक्ष, उपाध्यक्ष, मुख्य सचिव, सचिव र कोषाध्यक्षले प्रयोग गर्ने छन् ।

## २९ प्रदेश सल्लाहकार समिति :

१. प्रदेश सल्लाहकार समिति प्रदेश समितिप्रति उत्तरदायी हुने छ । सल्लाहकार समितिको प्रमुख प्रदेश कार्यकारिणी समिति र सचिव प्रदेश समितिको पदेन सदस्य हुने छ । यसका सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्य सरह हुने छ ।

२. प्रदेश सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार आफ्नो

क्षेत्राधिकारभित्र केन्द्रीय सल्लाहकार समितिले प्रयोग गर्ने अधिकार सरह हुने छ ।

## ३० प्रदेश विज्ञ परिषद :

१. प्रदेश विज्ञ परिषद् प्रदेश समितिप्रति उत्तरदायी हुने छ । यस समितिको प्रमुख प्रदेश कार्यकारिणी समिति र सचिव प्रदेश समितिको पदेन सदस्य हुने छ । यसका सदस्यहरूको मर्यादा प्रदेश समितिका सदस्य सरह हुने छ ।

२. प्रदेश विज्ञ परिषद्को काम, कर्तव्य र अधिकार आफ्नो क्षेत्राधिकारभित्र केन्द्रीय सल्लाहकार समितिले प्रयोग गर्ने अधिकार सरह हुने छ ।

## ३१ प्रादेशिक आयोगहरू :

प्रदेश स्तरको काम सम्पन्न गर्न प्रादेशिक अनुशासन आयोग, लेखापरीक्षण आयोग र निर्वाचन आयोग रहने छन् । प्रदेशको क्षेत्राधिकारभित्र ती आयोगहरूले सङ्घीय आयोगको कामसँग नबाझिने गरी सोही बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने छन् ।

## ३२ पहिचानमा आधारित प्रादेशिक संरचनाः

१. पहिचानमा आधारित प्रादेशिक संरचनाको रूपमा पार्टीमा राष्ट्रिय समितिहरू हुने छन् ।

२. पहिचानमा आधारित प्रादेशिक संरचनाहरू लिम्बुवान राष्ट्रिय समिति, किरात राष्ट्रिय समिति, मधेस राष्ट्रिय समिति, शेर्पालुङ्ग राष्ट्रिय समिति, नेवाः राष्ट्रिय समिति, ताम्सालिङ राष्ट्रिय समिति, तमुवान राष्ट्रिय समिति, मगरात राष्ट्रिय समिति, थरुहट राष्ट्रिय समिति, खसान राष्ट्रिय समिति र शिल्पी विशेष प्रदेश समिति

हुने छन् । शिल्पी विशेष प्रदेश समिति बाहेक सबै पहिचानमा आधारित राष्ट्रिय समितिहरूमा जिल्ला समन्वय समितिका अध्यक्षहरू, सम्बन्धित प्रदेश समितिले तोकेका प्रदेशका सदस्यहरू, सम्बन्धित राष्ट्रिय समितिभित्रका विशेष संरचनाका अध्यक्षहरू तथा समितिले आफ्नो कुल सदस्य सङ्ख्याको १५ प्रतिशतभन्दा बढी नहुने गरी मनोनित गरेका सदस्यहरू रहने छन् । पार्टी एकीकरणको प्रयोजनका लागि सदस्यहरू थप गर्न सकिने छ । यस समितिले अध्यक्ष-१, उपाध्यक्ष-३, मुख्यसचिव- १, सचिव-१, कोषाध्यक्ष-१ निर्वाचित गर्ने छ ।

३. यस सम्बन्धी अन्य व्यवस्था पार्टी नियमावलीमा तोके बमोजिम हुने छ ।

४. पहिचानमा आधारित राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुने छन् ।

(१) समितिका पदाधिकारीहरूको कार्यकारिणी समिति गठन गर्ने ।

(२) पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने,

(३) मातहतका समितिहरू परिचालन गर्ने तथा आवश्यकतानुसार विभाग र संयन्त्र गठन गर्ने ।

(४) आफ्नो कार्य क्षेत्रमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(५) केन्द्र र प्रदेश समितिका निर्णयहरू कार्यान्वयन गर्न योजना बनाउने,

(७) तोकिएको प्रक्रिया तथा मापदण्ड बमोजिम पार्टी सदस्यता प्रदान गर्न स्थानीय तहबाट सिफारिस भई आएका उपर राय सहित प्रदेश समितिमा पठाउने ।

(८) आफ्नो मुखपत्र लगायत आवश्यक सामग्रीको सम्पादन र प्रकाशन गर्ने,

(९) तोकिए बमोजिम पार्टी कोषको सञ्चालन गर्ने,

(१०) आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,

(११) पहिचान र अधिकारसँग सम्बन्धित राष्ट्रिय आन्दोलन सञ्चालन गर्ने,

(१२) विधानमा तोकिएका अन्य कामहरू गर्ने,

५. पहिचानमा आधारित प्रादेशिक संरचना दुईभन्दा बढी प्रदेशमा विभाजित भएमा राष्ट्रिय समन्वय समिति गठन गरी पदाधिकारी चयन गरिने छ । विभाजित संरचनामा १ जना संयोजक तोकिने छ ।

## ३३ गैरभोगोलिक विशेष प्रदेश समिति :

विभिन्न जिल्लाहरूबाट नेवाः प्रदेशमा आई बसोबास गर्ने पार्टी सदस्यहरूलाई परिचालन गर्न एक गैरभौगोलिक विशेष प्रदेश समिति हुने छ । यस समिति मातहत बौद्धिक पेसाकर्मी, मजदूर, विद्यार्थी र सम्पर्क विशेष जिल्ला समितिहरू रहने छन् । विशेष जिल्ला समितिको काम, कर्तव्य र अधिकार जिल्ला समन्वय समिति सरह हुने छ। यस समितिले ३ नम्बर प्रदेश समिति र नेवाः राष्ट्रिय समितिसँग समन्वय गरी काम गर्नुपर्ने छ। यस सन्दर्भमा थप व्यवस्था नियमावलीमा तोके बमोजिम हुने छ ।

## ३४ प्रवास विशेष समिति :

प्रवासमा रहेका पार्टी सदस्यहरूबिच पार्टी कामलाई व्यवस्थित गर्न

एक प्रवास विशेष समिति हुने छ । यस समितिको काम प्रवासमा रहेका नेपालीहरूबिच पार्टी विस्तार गर्नु हुने छ। यसको हैसियत प्रदेश समिति सरह हुने छ । यस अन्तर्गत प्रवासमा नेपाली समाज, देशको नाम (Nepalese Society of Concerned Country) हुने छ। यसका सन्दर्भमा थप व्यवस्था नियमावलीमा तोके बमोजिम हुने छ ।

## परिच्छेद-६
## विशेष संरचना तथा स्थानीय तहहरू

### ३५ विशेष संरचनाः

विशेष संरचनामा बन्ने जातीय, भाषिक, सांस्कृतिक तथा ऐतिहासिक पहिचानमा आधारित स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको गठन प्रक्रिया, साङ्गठानिक संरचना तथा क्षेत्राधिकारका साथै यसको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गरिने छ ।

### ३६ स्थानीय समितिहरूः

१. स्थानीय समितिहरूलाई एक तहमाथिको समितिले सञ्चालन गर्ने छन् । सामान्यतः देशको राजनीतिक र प्रशासनिक ढाँचा अनुसार स्थानीय तहका समितिहरूको देहाय बमोजिम नामाकरण गरिने छ।

१ जिल्ला समन्वय समिति

२ निर्वाचन क्षेत्र समन्वय समिति

(क) सङ्घीय

(ख) प्रदेश सभा

३ पालिका समिति

(क) गाउँपालिका

(ख) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका

४. वडा समिति

२. स्थानीय समितिहरूले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न सक्ने छन् ।

## ३७ जिल्ला समन्वय समितिः

(क) जिल्लाभित्रका पालिकाहरूको कामको समन्वय गर्न प्रत्येक जिल्लामा जिल्ला समन्वय समिति रहने छ। समन्वय समितिमा जिल्लाभित्रका गाउँपालिका/नगरपालिकाका निर्वाचित अध्यक्षहरूसहित न्युनतम ३ जना रहने छन् । पार्टी कामको सघनता हेरी नगरपालिकाहरूको हकमा थप प्रतिनिधित्व गराउन सकिने छ ।

(ख) जिल्ला समन्वय समितिका अधिकार र कर्तव्य देहाय बमोजिम हुने छन्,

१ आफूमध्येबाट अध्यक्ष, उपाध्यक्ष ३, एक सचिव, उपसचिव १ र कोषाध्यक्ष १ चयन गर्ने,

२. जिल्ला अन्तर्गत रहेका पालिका समितिहरूको समन्वय गर्ने,

३. तोकिएको समयमा नियमित बैठक गर्ने, कामको योजना बनाउने र कार्यान्वयन गर्ने,

४. आफ्नो समितिका सदस्यहरूको कार्य विभाजन गर्ने,

५. समितिमा प्रतिनिधित्व हुन नसकेका लोपोन्मुख, अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरू सहित कुल निर्धारित सदस्य सङ्ख्याको १५ प्रतिशतसम्म मनोनित गर्ने,

६. आवश्यकता अनुसार विभाग, संयन्त्र एवम् कार्यदलहरू गठन गर्ने,

७. मातहत सङ्गठनको काममा नेतृत्व प्रदान गर्ने र सुपरिवेक्षण गर्ने,

८. माथिल्लो समितिका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

९. सदस्यता शुल्क, लेवी सङ्कलन तथा कोष सञ्चालन गर्ने,

१२. माथिल्लो समितिमा नियमित रूपमा सदस्यता शुल्क र लेवी पठाउने,

१३. आय-व्ययको अभिलेख राख्ने र लेखा परीक्षण गराउने,

१४. जनसङ्गठनहरूको निर्माण तथा परिचालन गर्ने,

१५. आफ्नो समितिका सदस्यहरूको राजिनामा स्वीकृत गर्ने,

१६. अनुशासन उल्लङ्घन गर्ने समितिका सदस्यहरूउपर अनुशासनको कारबाही गर्ने,

१७ कुनै स्थान रिक्त हुन आएमा विधान बमोजिम पदपूर्ति गर्ने,

१९. स्थानीय तहमा प्रतिनिधित्व गर्ने सदस्यहरूलाई परिचालन गर्ने,

२०. विधानले दिएको अन्य कामहरू गर्ने ।

## ३८ निर्वाचन क्षेत्र समन्वय समिति

(क) एक भन्दा बढी सङ्घीय निर्वाचन क्षेत्र भएका जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समिति गठन हुने छ । यस समितिमा जिल्ला समितिले तोकेका सम्बन्धित क्षेत्रका सदस्यहरू, विशेष संरचना र पालिका समितिका अध्यक्षहरू पदेन सदस्य हुने छन् । यस समितिमा प्रतिनिधित्व हुन नसकेका

लोपोन्मुख अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायहरूसहित कूल पदेन सदस्यको बढीमा १५ प्रतिशत सदस्य मनोनित गर्न सकिने छ । यस समितिमा आफुमध्येवाट एकजना अध्यक्ष, सचिव र कोषाध्यक्ष हुने छन् ।

(ख) यसको मुख्य काम सम्बन्धित निर्वाचन क्षेत्रको विकास निर्माणको काममा निर्वाचित जनप्रतिनिधिलाई सघाउनु, कामको अनुगमन गर्नु तथा विकास निर्माणको सम्बन्धित मुद्दाहरू पहिचान गरी तिनको समाधानका लागि पहल गर्नु हुने छ ।

(ग) प्रदेशको विकास निर्माणको कामलाई समन्वय गर्न प्रदेश निर्वाचन क्षेत्र समन्वय समिति हुने छ । यसको गठन प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय समितिले गर्ने छ ।

## ३९ पालिका समिति तथा वडा समिति

पालिका समिति तथा वडा समितिहरू पार्टीका आधारभूत स्थानीय तह हुन् । यी समितिहरू विधानले व्यवस्था गरे बमोजिम सङ्गठित हुने छन् । यी समितिहरू आफ्नो क्षेत्राधिकारभित्र अधिकारसम्पन्न हुने छन् । ती समितिहरूको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने छ ।

### (क)पालिका समिति

(१) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकामा पालिका समितिहरू रहने छन् ।

(२) यो समितिको गठन आ-आफ्नो अधिवेशनबाट हुने छ । अधिवेशनले आफुमध्येवाट अध्यक्ष, उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्ष चयन गर्ने छन् ।

(३) अधिवेशनमा सम्बन्धित समितिले तोके बमोजिम प्रत्येक वडाबाट वडा समिति र पार्टी सदस्यहरूको अनुपातमा चुनिएका प्रतिनिधिहरू सहभागी रहने छन् ।

(४) यी समितिहरू आ-आफ्नो क्षेत्राधिकारभित्र पार्टीको विस्तार, प्रचार-प्रसार र सुदृढीकरणमा ध्यान दिने छन् ।

(५) यी समितिहरूले माथिल्लो समितिहरूको निर्णय र निर्देशनहरूलाई आफ्नो क्षेत्रभित्र लागु गर्ने छन् ।

(६) आ-आफ्ना क्षेत्रका पार्टीका गतिविधिहरूबारे माथिल्लो समितिहरूलाई नियमित जानकारी गराउने छन् ।

(७) पालिका समितिले वडास्तरमा पार्टी सङ्गठन र जनसङ्गठनहरू गठन गरी परिचालन गर्ने छन् ।

## (ख) वडा समिति

१) प्रत्येक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाभित्रका वडाहरूमा पार्टीका वडा समितिहरू रहने छन् ।

२) वडा समितिको निर्माण वडाभित्र रहेका सम्पूर्ण पार्टी सदस्यहरूको अधिवेशनबाट हुने छ ।

३) आवश्यकतानुसार वडा समितिको मातहत टोल समितिहरू पनि गठन गर्न सकिने छ । यिनीहरूले पार्टीको प्रारम्भिक समितिको रूपमा काम गर्ने छन् ।

४) यस समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष लगायतका पदाधिकारी र सदस्यहरू हुने छन् ।

५) यो समितिले पार्टीको कार्यलाई जनस्तरमा विस्तार र सुदृढीकरण गर्ने छ ।

## परिच्छेद-७

## विभिन्न तहको अधिवेशन, बैठक र विशेष व्यवस्था

### ४० विभिन्न तहको अधिवेशन

(१) सामान्यतः पार्टीको महाधिवेशन ५/५ वर्षमा, प्रदेश अधिवेशन ४/४ वर्षमा तथा पालिका र वडा अधिवेशन ३/३ वर्षमा हुने छन् ।

(२) महाधिवेशनमा प्रतिनिधित्वको प्रक्रिया, प्रतिनिधि चयन, त्यसको अनुपात र आवश्यक भए पर्यवेक्षकहरूको सङ्ख्या यस विधानमा व्यवस्था भए बमोजिम सम्बन्धित समितिले निर्धारण गरे अनुरूप हुने छ ।

(३) पार्टीको एकता महाधिवेशन र अधिवेशन सहमतीमा सम्पन्न गरिने छ ।

(४) पार्टीले एक व्यक्ति एक प्रमुख जिम्मेवारीको मान्यतालाई अवलम्वन गर्ने छ ।

(५) पार्टीका सबै समिति र निकायहरूमा कम्तिमा तेत्तीस प्रतिशत महिलासहित मुख्य क्लष्टरका आधारमा तोकिए बमोजिम समानुपातिक समावेशी हुने व्यवस्था गरिने छ। प्रदेश र स्थानीय समितिहरूमा त्यहाँको स्थानीय विशेषता अनुरूप नै समानुपातिक समावेशी गरिने छ। कुनै समुदाय आवश्यक सङ्ख्यामा प्रतिनिधित्व नभएमा वा उम्मेदवारी नदिएमा त्यस्तो स्थान खाली राखिने छ ।

(६) माथिल्लो समितिका सदस्यहरूले तल्लो समितिको निर्वाचनमा उम्मेदवारी दिएमा माथिल्लो समितिको पदबाट स्वतः मुक्त हुने छन् भने तल्लो समितिका सदस्यहरू माथिल्लो समितिमा निर्वाचित वा मनोनित भएमा तल्लो समितिको पदबाट मुक्त हुने छन् । तर पदेन सदस्य तथा सङ्क्रमणकालीन तदर्थ समितिहरूमा रहनका लागि भने यसले बाधा गर्ने छैन ।

(७) सबै तहको अधिवेशन सञ्चालन गर्न अधिवेशनले समुदायगत सन्तुलन मिलाई अध्यक्षमण्डल र आवश्यक संयन्त्रहरूको गठन गर्ने छ ।

(८) स्थानीय तहमा निर्वाचन प्रयोजनका लागि प्रदेश निर्वाचन आयोगको समन्वयमा सम्बन्धित समितिले निर्वाचन समिति गठन गर्ने छ ।

(९) सबै अधिवेशनहरूले विधानका मातहत रही नयाँ नेतृत्वको चयन गर्ने बाहेक प्रतिवेदन र प्रस्तावहरू पारित गर्ने, समग्र कामको मूल्याङ्कन गर्ने र आगामी कामको योजना बनाउने छन् ।

## ४१ उम्मेदवारीको मापदण्डः

केन्द्रीय समिति लगायत सम्पूर्ण समितिका लागि उम्मेदवारीको मापदण्ड नियमावलीमा व्यवस्था भए बमोजिम हुने छ ।

## ४२ विभिन्न तहको बैठकः

१. सामान्यतः सङ्घीय परिषद्को बैठक विशेष परिस्थितिमा बाहेक ६ महिनामा, केन्द्रीय समितिको बैठक ४ महिनामा, राजनीतिक समितिको बैठक १ महिनामा र केन्द्रीय कार्यकारिणी समिति, केन्द्रीय निकाय तथा केन्द्रीय विभागहरूको बैठक आवश्यकतानुसार

हुने छन् । तर केन्द्रीय समितिका २५ प्रतिशत सदस्यहरूले बैठक बोलाउन माग गरेको खण्डमा १५ दिनभित्र अध्यक्षले केन्द्रीय समितिको बैठक बोलाउनुपर्ने छ ।

२. प्रदेश समितिको बैठक ३/३ महिनामा, पालिका समितिको २/२ महिनामा र वडा समितिको १/१ महिनामा हुने छ ।

३. लगातार ३ पटकसम्म समिति बैठकमा बिना सूचना अनुपस्थित रहेमा त्यस्ता समिति सदस्यहरूलाई कारबाहीको प्रक्रिया सुरु गरिने छ ।

## ४३ गणपुरक सङ्ख्या र पार्टी निर्णयः

१. पार्टीको महाधिवेशन, अधिवेशन, समिति र सबै निकायहरूका बैठकका लागि पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिने छ ।

२. महाधिवेशन र बैठकमा सबै विषयमाथि लोकतान्त्रिक तरिकाले छलफल हुने छ । हरेक विषयमा सर्बसम्मतीमा निर्णय गर्ने प्रयत्न हुने छ ।

३. यस विधानमा उल्लेखित विभिन्न तहका समिति, निकाय वा पदाधिकारीहरू सहमतिमा चयन हुन नसकेमा तोकिए बमोजिम गोप्य मतदानको आधारमा हुने छ ।

# परिच्छेद-८

## संसद र स्थानीय तह

### ४४ संसद र स्थानीय तहः

प्रतिनिधिसभा, राष्ट्रियसभा, प्रदेशसभा र स्थानीय तह पार्टी कामको एउटा क्षेत्र हुने छ। पार्टीले यसमा आफ्ना कार्यकर्ताहरू पठाई कार्य सञ्चालन गर्ने छ।

### ४५ सञ्चालन विधिः

१. समाजवादी पार्टीबाट निर्वाचनमा विजयी भएका तथा पछि संसदीय दलको सदस्यता ग्रहण गरेका प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरू समावेश भएको एक संसदीय दल हुने छ। प्रदेशमा पनि प्रादेशिक सांसदहरू रहेको संसदीय दल हुने छ। सङ्घ र प्रदेशमा संसदीय दलको एक कार्यसमिति हुने छ। दलका नेता, उपनेता, प्रमुख सचेतक, सचेतक तथा तोकिएका यस समितिमा रहने छन्।

२. संसदीय दलले बनाएको विधान केन्द्रीय समितिबाट अनुमोदित भएपछि लागु हुने छ।

३. पार्टीको संसदीय दललाई पार्टीको नीति कार्यक्रम अनुरूप नेतृत्व प्रदान गर्न केन्द्रीय समितिले संसदीय विभागको गठन गर्ने छ। पार्टीको तर्फबाट संसदीय दललाई परिचालन गर्ने जिम्मेवारी संसदीय विभागको हुने छ।

४. प्रतिनिधि सभामा निर्वाचित पार्टी सांसदहरूले केन्द्रीय समितिले तोकेको विशिष्ट जिम्मेवारी बाहेक अन्य अवस्थामा आफू निर्वाचित

भएको क्षेत्रमा कार्यरत रहनुपर्ने छ ।

५. पार्टीको चुनाव चिन्ह लिई विजयी हुने स्थानीय तहका निर्वाचित प्रतिनिधिहरूलाई पार्टीको नीति तथा कार्यक्रम अनुसार मार्गदर्शन र नेतृत्व प्रदान गर्न केन्द्रीय समितिले स्थानीय तह परिचालन विभागको गठन गर्ने छ ।

६. राज्यका विभिन्न अङ्गमा कार्यरत पार्टी प्रतिनिधिहरूलाई नेतृत्व प्रदान गर्न सम्बन्धित तहको पार्टीले उपयुक्त किसिमको संयन्त्रको निर्माण गर्न सक्ने छ ।

७. पार्टीका सांसद र स्थानीय तहका प्रतिनिधिहरू पार्टी र जनताप्रति उत्तरदायी हुने छन् ।

## परिच्छेद-९

## जनसङ्गठन तथा पार्टी संयन्त्र

### ४६ जनसङ्गठनको निर्माण र सञ्चालन :

१. पार्टीको नीति, विचार र सिद्धान्त कार्यान्वयनका लागि विभिन्न वर्ग, पेसा र समुदायहरूमा जनसङ्गठनहरू निर्माण र सञ्चालन गर्ने छ । जनसङ्गठनहरू वैचारिक र राजनीतिक रूपले पार्टीसँग आबद्ध र सङ्गठनात्मक रूपमा स्वायत्त हुने छन् ।

२. प्रत्येक जनसङ्गठनले पार्टीको सम्बन्धित तहसँग समन्वय गरी आफ्नो विधान अनुरूप समयभित्रै सङ्घीय तहमा राष्ट्रिय सम्मेलन तथा प्रदेश तथा स्थानीय तहमा सम्मेलन गर्नुपर्ने छ ।

## ४७ पार्टी संयन्त्र :

१. सबै तहका जनसङ्गठन तथा पार्टी निकटका सङ्घ संस्थाहरूलाई पार्टी नीति अनुरूप सञ्चालन गर्न जनसङ्गठनका पदाधिकारी र आवश्यक व्यक्तिहरू रहेको संयन्त्र गठन गरिने छ । यस्ता संयन्त्रहरूको बैठक इन्चार्जकै अध्यक्षतामा हुने छ । त्यस्तो संयन्त्रहरूलाई सम्बन्धित तहको पार्टी समितिले सञ्चालन गर्ने छ ।

२. महासङ्घीय ढाँचाका भातृ सङ्गठनका घटकहरूमा अलग्गै केन्द्रीय संयन्त्रहरू निर्माण हुने छन् ।

३. पार्टीले आफ्नो नीति र विचारहरूको कार्यान्वयन पार्टी संयन्त्र मार्फत गर्ने छ । यस्ता संयन्त्रहरूले सम्बन्धित क्षेत्रको नीतिहरू तर्जुमा गरी पार्टीमा पेस गर्ने छन् । सामान्यतः जनसङ्गठनहरूको बैठकमा संयन्त्रका इन्चार्जहरू उपस्थिति हुने छैनन् ।

४. संयन्त्रका सदस्यहरूको हैसियत नियमावलीमा तोकिए बमोजिम हुने छ ।

# परिच्छेद-१०

# पार्टीको सङ्गठनात्मक सिद्धान्त

## ४८ सङ्गठनात्मक सिद्धान्त

पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रीयता हुने छ । यसका आधारभूत विशेषताहरू निम्नानुसार हुने छन् :

१. पार्टीको सार्वभौमसत्ता पार्टीका सदस्यहरूमा निहित हुने छ ।

२. पार्टी सामुहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारीको आधारमा सञ्चालन हुने छ ।

३. केन्द्र, प्रदेश र स्थानीय तहहरूमा पार्टीको शक्ति बाँडफाँट हुने छ ।

४. व्यक्ति सङ्गठनको र सङ्गठन महाधिवेशनको मातहत हुने छ ।

५. माथिल्लो समितिको निर्णय तल्लो समितिले पालना गर्नुपर्ने छ ।

६. अल्पमतले बहुमतको निर्णय पालन गर्नुपर्ने छ । अल्पमतको विचारको सम्मान गरिने छ ।

## ४९ आन्तरिक लोकतन्त्रः

१. कुनैपनि मातहत समितिले माथिल्लो समितिको वा सदस्यले समितिको निर्णय र विचारप्रति आफ्नो समितिमा असहमति प्रकट गर्न पाउने र मौखिक वा लिखित रूपमा आलोचना गर्न पाउने छन् । तर हरेक सदस्य वा समितिले सम्बन्धित माथिल्लो समिति वा समितिको बहुमतले गरेको निर्णय कार्यान्वयनमा लानु पर्दछ ।

२. कुनैपनि सदस्यले विधानको अधिनमा रही आफ्ना फरक मत राख्न पाउने छन् । केन्द्रीय समितिभित्र राष्ट्रिय महत्वका विषयहरूमा गम्भीर प्रकृतिको मतभिन्नता उत्पन्न भई फरक मतकर्ताले पार्टीव्यापी छलफल गर्न चाहेमा केन्द्रीय समितिको निर्णयमा निर्धारित प्रक्रिया अनुरूप निश्चित तहसम्म छलफलमा लान सकिने छ ।

३. समितिको निर्णय पुस्तिकामा दर्ज गरिएका वा लिखित रूपमा सम्बन्धित समितिमा प्रस्तुत गरिएको अवस्थामा मात्र फरक मत मानिने छ । फरक मतका कारणले कसैप्रति भेदभाव गरिने छैन । तर फरक मत राख्नेले आफ्नो पदीय वा सङ्गठनात्मक दायित्वको भने निर्वाह गर्नुपर्ने छ । बहुमतले अल्पमतको कदर गर्नु पर्दछ ।

४. महाधिवेशनले गरेका निर्णयहरू विपरीत वा ती निर्णयहरूसँग असहमतिका विषयहरूलाई अर्को महाधिवेशनको समयमा तोकिएको प्रक्रियाद्धारा उठाउन पाइने छ । त्यस्ता असहमति निर्धारित प्रक्रिया अनुरूप महाधिवेशनमा प्रस्तुत गर्न सकिने छ ।

## ५० अनुशासनको कारबाहीः

देहायको अवस्थामा कुनैपनि सदस्य वा समितिहरूलाई अनुशासनको कारबाही हुन सक्ने छ । यस्तो कारबाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि कारबाहीका रूपहरूको प्रयोग गर्न सकिने छ । विशेष परिस्थितिमा केन्द्रीय समितिले तोकिएको प्रक्रियाको अधिनस्थ रही कुनैपनि सदस्य र समिति उपर कारबाही गर्न सक्ने छ ।

१. पार्टीको वैधानिक व्यवस्था र कार्यक्रमको विपक्षमा सार्वजनिक क्रियाकलाप गरेमा,

२. पार्टी निर्णय नमानी खुला उल्लङ्घन गरेको प्रमाणित भएमा,

३. पार्टीको प्रतिष्ठा र मर्यादामा आँच आउने काम गरेको प्रमाणित भएमा,

४. पार्टी समितिको गोपनियता भङ्ग गरेमा,

५. पार्टीद्वारा सञ्चालित आन्दोलनको विपक्षमा रहेमा वा आन्दोलन विराधीहरूसँग साँठगाँठ गरेमा,

६. अनैतिक वा भ्रष्ट क्रियाकलाप गरेको प्रमाणित भएमा,

७. पदीय आचरण वा पार्टी प्रतिष्ठाको विपरीत आर्थिक अनुशासन हिनता या कुनै अन्य गतिविधिमा संलग्न भएको प्रमाणित भएमा,

८. पार्टीको विधान वा नियमावलीमा सदस्यहरूले पालन गर्नुपर्ने भनी उल्लिखित कर्तव्यको उल्लङ्घन गरेमा,

९. विधानमा उल्लिखित अनुशासन सम्बन्धी अन्य कुराहरूको उल्लङ्घन गरेमा,

## ५१ कारबाहीको प्रकृया

१. माथि उल्लिखित क्रियाकलाप गरे बापत त्यसको प्रकृति र परिणाम हेरी सदस्यको हकमा सम्बन्धित समितिले लिखित वा मौखिक रूपमा स्पष्टीकरण माग्ने, आलोचना गर्ने, लिखित रूपमा आत्मालोचना गराउने, चेतावनी दिने, पद वा सदस्यताबाट निलम्बन गर्ने र पार्टी सदस्यबाट नै हटाउने कारबाही गर्न सक्ने छ । कारबाही गर्दा गल्तीको गम्भीरता हेरी कुनै पनि रूपको कारबाही प्रयोग गर्न सकिने छ । समितिको पदबाट हटाउन सम्बन्धित समितिको बहुमत आवश्यक हुने छ । कुनै पनि तहको पार्टी समितिको अध्यक्षलाई हटाउँदा माथिल्लो समितिको अनुमोदन लिनुपर्ने छ ।

२. प्रदेश समितिको हकमा अनुशासन उल्लङ्घन गर्ने समिति सदस्यलाई अनुशासनको कारबाही गर्ने अधिकार केन्द्रीय समितिको अनुमोदनमा प्रदेश समितिलाई नै हुने छ ।

३. स्थानीय समितिको हकमा सम्बन्धित समितिको सिफारिसमा एक तह माथिको समितिले अनुशासनको कारबाही अगाडि बढाउने छ ।

४. कुनै पनि समिति वा सदस्यले आफूलाई तोकिएको दायित्व र जिम्मेवारी पालन नगरी त्यसबाट पार्टीलाई गम्भीर असर परेमा समितिको हकमा माथिल्लो समितिले विघटन गर्न सक्ने छ र सदस्यको हकमा सम्बन्धित समितिले ठोस आधार तथा कारण खुलाई एक पद घटुवा गर्न सक्ने छ ।

५. पार्टी निर्णयको अवज्ञा गरेमा वा पार्टी हित र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरेमा, जनप्रतिनिधिहरूको हकमा पार्टी केन्द्रीय समितिले निर्वाचित भएको तहबाट हटाउने सम्मको कारबाही गर्न सक्ने छ ।

६. पार्टी अनुशासनको कारबाही भोगिरहेका सङ्गठित सदस्यले कारबाही अवधिभर पार्टीको कुनै पनि तह र जनप्रतिनिधिमूलक निकायको निर्वाचनमा उम्मेदवारी दिन सक्ने छैनन् ।

७. विशेष परिस्थितिमा केन्द्रीय समितिले तोकेको प्रक्रियाको अधिनमा रही कुनै पनि सदस्य र समिति उपर कारबाही गर्न सक्ने छ ।

## ५२ स्पष्टीकरण दिने मौकाः

पार्टीका कुनै पनि सदस्य वा समितिउपर कारबाही गर्नु अघि स्पष्टीकरण दिने मौका दिइने छ ।

## ५३ पुनरावेदनः

आफूमाथि भएको कारबाही उपर चित्त नबुझ्ने कुनै पनि सदस्य

वा समितिले सम्बन्धित अनुशासन आयोगमा पुनरावेदन दिन सक्ने छ । केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरूको हकमा सङ्घीय अनुशासन आयोगमा पुनरावेदन गर्न सकिने छ ।

## परिच्छेद-११

## अविश्वासको प्रस्ताव

### ५४ अध्यक्षमाथि अविश्वास प्रस्ताव :

१. सङ्घीय तहका अध्यक्षमाथि कुल सदस्य सङ्ख्याको एक चौथाई सदस्यहरूले स्पष्ट र तथ्यपूर्ण आरोप सहित अविश्वासको प्रस्ताव सम्बन्धित समितिमा दर्ता गर्न सक्ने छन् ।

२. यस्तो प्रस्तावमाथि सम्बन्धित समितिले छलफल गरी कुल सदस्य सङ्ख्याको दुई तिहाई सदस्यले पारित गरेमा आफ्नो पदबाट मुक्त हुने छ ।

३. यस धाराको प्रयोजनका लागि गरिने बैठकको अध्यक्षता सहअध्यक्षले गर्ने छन् ।

### ५५ अध्यक्षको पदपूर्ति :

१. अविश्वासको प्रस्तावबाट अध्यक्ष पदमुक्त भएमा अर्को निर्वाचन नभएसम्मकालागि सङ्घीय परिषद्को बैठकले केन्द्रीय पदाधिकारीहरू मध्येबाट अध्यक्षको पदपूर्ति गर्ने छ ।

२. पदमुक्त भएपछि पूर्व अध्यक्षको सङ्गठनात्मक जिम्मेवारी सम्बन्धित तहको समितिले निर्णय गरे बमोजिम हुने छ ।

**५६ अविश्वासको प्रस्ताव उपर पुनरावेदन :**

अविश्वास प्रस्तावबाट पदमुक्त भएका अध्यक्षले आगामी महाधिवेशन समक्ष सङ्घीय परिषद् र केन्द्रीय समितिबिरुद्ध पुनरावेदन गर्न सक्ने छन् । महाधिवेशनले सो अपिलमाथि सुनवाई गरी निर्णय दिएपछि मात्र अरु विषयमा प्रवेश गर्न सकिने छ ।

**५७ अविश्वासको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था:**

१. प्रदेश समितिमा पनि समितिको कूल सदस्य सङ्ख्याको एक चौथाई सदस्यहरूले स्पष्ट र तथ्यपूर्ण आरोपसहित अध्यक्षमाथि अविश्वासको प्रस्ताव दर्ता गर्न सक्ने छन् । त्यसको टुङ्गो लगाउने प्रक्रिया केन्द्रीय समितिको जस्तै हुने छ । यो निर्णय केन्द्रीय समितिलाई जानकारी गराउनुपर्ने छ । यस धाराको प्रयोजनका लागि गरिने बैठकको अध्यक्षता उपाध्यक्षले गर्ने छन् ।

२. पार्टीका स्थानीय समितिका अध्यक्षका बारेमा आफ्नो तहको समिति र अधिवेशनले माथि उल्लेख गरिए बमोजिम नै कारबाहीको प्रक्रिया टुङ्गो लगाउने छन् ।

## परिच्छेद-१२

## कोषको ब्यवस्था

**५८ पार्टीको आयश्रोत:** पार्टीको देहाय बमोजिमको आयस्रोत हुने छ ।

१. सदस्यता शुल्क

२. पार्टी लेवी

३. आर्थिक सहयोग

४. प्रकाशन बिक्री वितरण

५ लगानी र व्यवसायबाट प्राप्त आय

६. विशेष कार्यक्रम वा अभियानबाट सङ्कलित रकम

**५९ पार्टीको कोष र यसको सञ्चालनः**

१. पार्टीको एउटा कोष हुने छ र यसको सञ्चालन तोकिए बमोजिम गरिने छ।

२. पार्टी कोष बैंक खातामार्फत सञ्चालन गरिने छ । पार्टीको दिनानुदिनको कार्य सञ्चालनका लागि नगदी कोष (Petty Cash) को व्यवस्था गरिने छ।

३. पार्टीको बार्षिक बजेट, योजना र कार्यक्रम तय गरी कोषको रकम सञ्चालन गरिने छ।

४. सदस्यता शुल्क र लेवीको बाँडफाँट तोकिए बमोजिम हुने छ।

**६० पार्टीको चल, अचल र जिन्सी सम्पत्तिः**

पार्टीको नाममा भएका चल, अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा पार्टीको पूर्ण स्वामित्व रहने छ। त्यसको पूर्ण लगत तोकिए बमोजिम राखिने छ। पार्टीको सम्पत्ति पार्टीको स्वीकृतिबिना कसैले पनि बेचबिखन गर्न पाउने छैन।

**६१ लेखा र लेखा परीक्षणः**

१. पार्टीको आय-व्ययको लेखा सङ्घीय लेखापरीक्षण आयोगले तोके बमोजिम राखिने छ।

२. पार्टी केन्द्रको लेखा परीक्षण सङ्घीय लेखा परीक्षण आयोगद्वारा हुने छ।

३. प्रदेश र स्थानीय समितिको लेखापरीक्षण गर्न सङ्घीय लेखापरीक्षण आयोगले आवश्यक समन्वय गर्ने छ ।

## परिच्छेद-१३

## विविध

### ६२ तदर्थ समितिः

१. निर्वाचित समिति नभएको ठाउँमा एक तह माथिको समितिद्वारा मनोनयन वा सम्बन्धित तहको भेलाद्वारा पार्टीको तदर्थ समितिहरू निर्माण गरिने छ । यस्तो समितिको मुख्य काम आफ्नो तहको अधिवेशन सम्पन्न गराउनु हुने छ । अधिवेशन सम्पन्न नहुँदासम्म यसले निर्वाचित समितिको अधिकारहरू प्रयोग गरी काम गर्ने छ । तदर्थ समितिको अवधि सामान्यतः ६ महिनाको हुने छ । आवश्यकता परेमा यो अवधि बढाउन सकिने छ । तर कुनै पनि अवस्थामा यो अवधि एक वर्षभन्दा बढीको हुने छैन ।

२. निर्वाचित समितिको आफ्नो अवधि समाप्त भएको अवस्थामा सो समिति स्वतः तदर्थ समितिमा रूपान्तरित हुने छ । त्यसले तदर्थ समितिमा रूपान्तरित भएको ६ महिनाभित्र अर्को निर्वाचन सम्पन्न गर्नुपर्ने छ ।

### ६३ शपथग्रहण

पार्टी समितिमा आबद्ध हुने प्रत्येक सदस्यले अनुसूची ७ मा उल्लेख भए बमोजिम शपथ ग्रहण गर्नुपर्ने छ ।

## ६४ विभागहरू:

१. पार्टीको सङ्घीय र प्रादेशिक तहमा सम्बन्धित समितिको निर्णयानुसार विभागहरू गठन गर्न सकिने छ। यस्ता विभागहरू पार्टी सङ्गठन र राजकीय मामलासँग सम्बन्धित हुने छन् । स्थानीय तहमा पनि आवश्यकतानुसार विभागहरू गठन गर्न सकिने छ ।

२. विभागको प्रमुख, उपप्रमुख र सदस्यहरू सम्बन्धित समितिले मनोनयन गर्ने छ। विभागमा सदस्यहरू मध्येबाट सचिव निर्वाचित हुने छन् ।

३. विभाग अन्तर्गत आवश्यकता अनुसार विभिन्न डेस्कहरू राख्न सकिने छ ।

४. विभागको काम, कर्तव्य र अधिकार नियमावलीमा व्यवस्था गरे बमोजिम हुने छ ।

## ६५ इन्चार्ज र सहइन्चार्जहरू

विभिन्न तहका पार्टी समितिहरूले मातहतका समितिहरू तथा जनसङ्गठनहरूमा आफ्नो प्रतिनिधिको रूपमा आवश्यकता अनुसार ईन्चार्ज र सहइन्चार्ज खटाउन सक्ने छ । त्यस्ता इन्चार्ज र सहइन्चार्जहरूको मुख्य काम पार्टी प्रतिनिधिको रूपमा मातहत समितिमा पार्टी धारणा स्पष्ट पार्नु, समितिहरूको बिचमा समन्वयकारी भूमिका निर्वाह गर्नु र मातहत समितिको सुझाव माथिल्लो समितिमा ल्याउनु हुने छ ।

## ६६ वरियताक्रमः

केन्द्रीय समितिले आवश्यक ठानेमा वरियताक्रम तोक्न सक्ने छ ।

## ६७ सङ्क्रमणकालीन व्यवस्थाः

१. यस विधान अनुसार पार्टीका सबै तहका समितिहरूको नेतृत्व निर्माण नियमावली बमोजिम जातीय/सामुदायिक जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशी हुने छ । तर अधिवेशन नहुँदासम्म गठन गरिएका समितिहरूमा यो मापदण्ड पुरा नभए पनि यस विधान अनुसार मान्यता दिइने छ । अधिवेशनको आयोजना हुँदा भने विधानको कार्यान्वयन गर्नुपर्ने छ ।

२. समाजवादी पार्टीको यो विधान लागू हुनुपूर्व गठन भएका दुबै पार्टीका सम्पूर्ण तहका सदस्य तथा समितिहरू स्वतः समाजवादी पार्टीमा रूपान्तरित हुने छन् ।

३. दुबै पार्टीका चल अचल सम्पत्ति स्वतः समाजवादी पार्टीको सम्पत्ति हुने छ ।

४. दुबै पूर्व पार्टीका विभिन्न तहका अधिवेशन सम्पन्न भएका वा नभएका भए पनि यो विधान लागू भएपछि ती तहका समितिमा पदाधिकारी वा सदस्यहरू मिलान गर्न वाधा पुग्ने छैन ।

५. एकता महाधिवेशन नभएसम्म पार्टीको महत्त्वपूर्ण निर्णयहरू समितिको सहमतिमा गरिने छ ।

## ६८ नियम बनाउने अधिकारः

विधानसँग नबाझ्ने गरी केन्द्रीय समितिले आवश्यक नियमावली र आचारसंहिता बनाउन सक्ने छ ।

## ६९ बाधा अड्काउ फुकाउने :

यस विधानको कार्यान्वयनमा कुनै बाधा पर्न आएमा केन्द्रीय समितिको दुईतिहाई बहुमतले बाधा अड्काउ फुकाउन सक्ने छ । सो को अनुमोदन महाधिवेशनबाट गर्नुपर्ने छ ।

## ७० विधानको व्याख्या :

यो विधान र विधान अन्तर्गत बनेको नियम विनियमको कार्यान्वयन गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार केन्द्रीय समितिलाई हुने छ ।

## ७१ विधान संशोधनः

१) विधान संशोधन प्रस्ताव पेस गर्न चाहने कुनै पनि पार्टी सदस्यहरूले महाधिवेशन सुरु हुनुभन्दा एक महिना अगावै तोकिएको प्रक्रियाद्वारा लिखित रूपमा विधान संशोधन प्रस्ताव दर्ता गर्नुपर्ने छ ।

२) केन्दीय समितिले उपयुक्त ठानेमा त्यसलाई छलफलका लागि प्रस्तुत गर्ने छ ।

## ७२ खारेजी र बचाउ

यस अघि लागू रहेको एकीकरणपूर्वका सबै पार्टीको विधान खारेज गरिएको छ र त्यस विधानबाट भए गरेका सबै कार्यहरू यसै विधानबाट गरिएको मानिने छ ।

# अनुसूची-१

## पार्टीको झण्डा

## (धारा-३ (क) सँग सम्बन्धित)

समाजवादी पार्टीको झण्डा आयताकारमा ३:२ को अनुपातमा लम्बाई र चौडाई रहने छ । झण्डाको माथि रातो रङ्ग तथा तल हरियो रङ्गको बिचमा सेतो रङ्गको पाँच कुने तारा रहने छ ।

झण्डामा रहेको रातो रङ्गले अग्रगमन, क्रान्ति र सामाजिक आर्थिक परिवर्तन, हरियो रङ्गले जैविक विविधता, पहिचान र स्वच्छ वातावरण र पाँचकुने ताराले समतामूलक समृद्धिको लक्ष्यलाई जनाउने छ । पार्टीको झण्डा यसप्रकार हुने छ ।



# अनुसूची-२

## पार्टीको छाप

## (धारा- ३ (ख) सँग सम्बन्धित)

पार्टीको छाप पार्टीको लोगो बिचमा राखी माथि देवनागरी र तल अङ्ग्रेजीमा गोलाकारमा पार्टीको पूरा नाम र मुनी समितिको नाम र पार्टी स्थापना साल हुने छ। पार्टीको छाप यसप्रकार हुने छ।

# अनुसूची-३

## पार्टीको निर्वाचन चिन्ह

## (धारा- ३ (ग) सँग सम्बन्धित)

**पछि पेस गरिनेछ।**

# अनुसूची-४

## पार्टीको लोगो

## (धारा ३ (घ) सँग सम्वन्धित)

समाजवादी पार्टीको चिन्ह (लोगो) गोलाकारभित्र पाँचकुने तारा रहने छ । पार्टीको चिन्ह यस प्रकार हुने छ ।

# अनुसूची ५

## (धारा ७ (क) सँग सम्वन्धित)

## क) सदस्यता आवेदन पत्र

अनुसूची ५

पार्टी सदस्यता आवेदन पत्र

**समाजवादी पार्टी**

(पार्टी सदस्यता आवेदन पत्र)

**समाजवादी पार्टीको लक्ष्य, सिद्धान्त, नीति र कार्यक्रमप्रति प्रतिवद्ध रहँदै पार्टीमा सङ्गठित भई देश र जनताको हितमा काम गर्ने ईच्छा भएकाले यस पार्टीको पार्टी सदस्यता पाउँ भनी यो निवेदन पेस गरेको छु ।**
**म पार्टीको विधानलाई पूर्ण रुपमा पालना गर्ने छु । मेरो व्यक्तिगत विवरण यस प्रकार छ ।**

नाम थर :      ना.प्र.नं. र प्रदान गरेको जिल्ला :
जन्म मिति :      सम्पर्क नं. :      ईमेल :
पिताको नाम :      माताको नाम :
बैवाहित स्थिति :      श्रीमती/श्रीमानको नाम :      परिवार सङ्ख्या:
स्थायी ठेगाना :      जिल्ला      गा.पा./न.पा.      वडा      टोल
अस्थायी ठेगाना :      जिल्ला      गा.पा./न.पा.      वडा      टोल
जाति/समुदाय :      लिङ्ग :
शैक्षिक योग्यता र शैक्षिक संस्था :
आधारभूत सदस्यता प्राप्त मिति :
हाल सङ्गठित समिति :      पद :
सङ्क्षिप्त राजनीतिक पृष्ठभूमि : (पार्टी र भातृ सङ्गठनमा गरेका कामहरु, आन्दोलनमा सहभागिता, जेल, हिरासत, निर्वासन आदिको विवरण)

..............................................................................................................................
..............................................................................................................................
..............................................................................................................................

सिफारिस कर्ता
१) नाम
पद
समिति
२) नाम
पद
समिति

यो विवरण ठीक सांचो हो ।
निवेदकको दस्तखत
मिति :

<u>सदस्यता स्वीकृत गर्ने समिति</u>
दस्तखत :
नाम :
पद :
समिति :
छाप :
मिति :

# ख) पार्टी सदस्यता पत्र

## समाजवादी पार्टी

### पार्टी सदस्यता पत्र

स.नं.

फोटो

नाम : ......................................................................

ठेगाना : ..... प्रदेश ..................... जिल्ला .................

गापा/नपा ....................... वडा ............

सङ्गठित समिति :

सदस्यता प्राप्त मिति :

सदस्यता प्रदान गर्नेको नाम :

पद/समिति :

दस्तखत :

**नवीकरण**

| मिति | | नवीकरण गर्नेको नाम र पद | दस्तखत |
|---|---|---|---|
| देखि | सम्म | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# अनुसूची-६

## (धारा ७ (च) सँग सम्वन्धित )

## पार्टी सदस्यता अभिलेखसँग सम्बन्धित

| प्रदेश : | | विशेष संरचना | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला : | | निर्वाचन क्षेत्र | | | | | | |
| क्र. सं. | सदस्यता नं. | नाम र थर | जन्म मिति | ठेगाना | सदस्यता प्राप्त मिति | जाति/ समुदाय | लिङ्ग | कैफियत |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# अनुसूची-७

## शपथ ग्रहणको ब्यहोरा
## (मुटुमाथि दायाँ हात राखेर शपथ लिने ।)

म .................................... समाजवादी पार्टीको ............. समितिको ............. पद/सदस्यको................ जिम्मेवारी लिइरहेको यस महत्त्वपूर्ण घडीमा महान् सहिदहरूलाई सम्झदै पार्टीको झण्डासामु उभिएर निम्न प्रतिज्ञा गर्दछु -

म समुन्नत सङ्घीय समाजवादलाई पार्टीको मार्गदर्शक सिद्धान्तको रूपमा आत्मसात् गर्ने छु,

म देश, जनता र पार्टीप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक कसैमाथि पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीताका साथ काम गर्ने छु,

म पार्टी विधान, नीति, कार्यक्रमको सदैव पालना र अनुशरण गर्ने छु,

म निजी वा व्यक्तिगत स्वार्थबाट माथि उठेर स्वच्छ एवम् नैतिक आचरणयुक्त जीवन बिताउने छु, म देशमा विद्यमान सबैखाले शोषण, उत्पीडन र विभेदको अन्त्य र न्याय, समानता र स्वतन्त्रताका लागि लडी रहने छु ।

समाजवादी पार्टी - जिन्दावाद ! जिन्दावाद !
आदरणीय सहिदहरू - अमर रहुन् ! अमर रहुन् !

हस्ताक्षर : ..........................................
नाम, थर : ..........................................
ठेगाना : ..........................................
पद : ............................................
मिति : .............................